COM. REG. No.: 218732/075/076
PAN No.: 303532918

# Chirkhwa Hydro Power Ltd.

Kathmandu Metropolitan City-10, Kathmandu
Phone No.: 977- 01-4524381, P.O.Box 19387, E-Mail: chirkhwa@gmail.com

मिति: २०८२/०८/२३

प.स. ०८२/०८३
च.नं. ५०

**श्री नेपाल धितोपत्र बोर्ड ।**
खुमलटार, ललितपुर ।

**श्री विद्युत नियमन आयोग ।**
सानो गौचरण, काठमाडौं ।

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड ।**
सिंहदरवार प्लाजा, काठमाडौं ।

**श्री सिडीएस एण्ड क्लियरिङ लिमिटेड ।**
पुतलीसडक, काठमाडौं ।

**विषय : सातौं वार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस चिरख्वा हाइड्रोपावर लिमिटेडको मिति २०८२/०८/२३ गते अपरान्ह ४ बजे बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको सातौं वार्षिक साधारण सभा मिति २०८२/०९/२३ गते बुधबार (तद्अनुसार जनवरी ७, २०२६) का दिन बिहान १०:०० बजे कुण्डलिनी रोयल्स, जोरपाटी, काठमाडौँमा गर्ने निर्णय भएको र वार्षिक साधारण सभाका लागि मिति २०८२/०९/१३ गतेका दिन बुक क्लोजको मिति तोक्ने निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध छ । साथै साधारण सभाको सुचना समाचार पत्र राष्ट्रिय दैनिकमा मिति २०८२/०८/२४ र २५ गते यसैसाथ संलग्न गरिएको नमूना प्रकाशन गर्ने व्यवस्थापन गरिएको व्यहोरा समेत जानकारीका लागि अनुरोध गरिन्छ ।

Chirkhwa Hydropower Ltd. 2019 Nepal

धान्यप्रसाद तिम्सिना
कम्पनी सचिव

**वोधार्थ**

**श्री आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड ।**
टेकु, काठमाडौं ।

# Chirkhwa Hydropower Limited

KMC-10, Nepal, Phone No. : 01-4524381
Email : chirkhwa@gmail.com, Website : www.chirkhwahydropower.com

## सातौँ वार्षिक साधारण सभासम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरू,**

यस चिरख्वा हाइड्रोपावर लि.को मिति २०८२/०८/२३ गते सम्पन्न संचालक समितिको बैठकको निर्णयअनुसार कम्पनीको सातौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहाय विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सभासम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **साधारण सभा हुने मिति, समय र स्थानः**

**मिति** : २०८२ साल पौष २३ गते, बुधबार (तद्अनुसार जनवरी ७, २०२६)
**समय** : बिहान १०:०० बजे
**स्थान** : कुण्डलिनी रोयल्स, जोरपाटी, काठमाडौँ

२. **वार्षिक साधारण सभामा छलफलका विषयहरू**

**क) सामान्य प्रस्तावहरूः**

१. आर्थिक वर्ष २०८१/२०८२ को संचालक समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
२. लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तिय विवरणहरू उपर छलफल सम्बन्धमा ।
३. आर्थिक वर्ष २०८२/०८३ का लागि लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. संचालक समितिले आर्थिक वर्ष २०८१/०८२ मा गरेका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरू**

१. कम्पनीको चुक्ता पुँजी रु. ४०,००,००,०००/- (चालिस करोड) को १:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव अनुमोदनका लागि पेश गर्ने ।
२. कम्पनीको पूँजी संरचना संसोधन गर्न विशेष प्रस्ताव पारित गर्ने ।
३. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेर बदल वा सुझाव आएमा आवश्यक संशोधनका लागि संचालक समितिलाई अख्तियारी दिने ।
४. कम्पनीको ऋण भुक्तानी गर्ने ।
५. उपयुक्त आयोजनाको पहिचान गरी लगानी/विकास गर्ने ।
६. हकप्रद शेयर निस्कासन गर्न आवश्यक प्रक्रियाका लागि संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध सम्बन्धमा**

**साधारण सभासम्बन्धी अन्य थप जानकारी**

१. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०८२/९/१३ गते कम्पनीको शेयरधनी दर्ता किताव बन्द (Book Close) गरिनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/९/१२ गतेसम्म कारोबार भई प्रचलित कानून बमोजिम कम्पनीको शेयर रजिष्ट्रार श्री आरबिबि मर्चेन्ट बैंकिङ्ग लि., टेकु, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरूले सो सभामा भाग लिन योग्य हुने व्यहोरा सबैमा जानकारीका लागि सूचित गरिन्छ ।
२. सम्पूर्ण शेयरधनी महानुभावहरूलाई शेयरधनी लगतमा कायम रहेको निजहरूको ठेगानामा साधारण सभाको सूचना र कम्पनीको वार्षिक संक्षिप्त आर्थिक विवरण पठाइने व्यवस्था गरिएको छ । ठेगाना पूरा नभएका तथा उक्त कागजात प्राप्त नगर्नु हुने शेयरधनी महानुभावहरूले वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन निरीक्षण गर्न यस कम्पनीको कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ ।
३. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभाव/संस्थाहरूले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तैः नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई उपस्थित हुन अनुरोध छ । अन्यथा सभा कक्षभित्र प्रवेश पाइने छैन । हाजिरी पुस्तिका बिहान ९:३० बजेदेखि सभा चालु रहुन्जेलसम्म खुल्ला रहनेछ ।
४. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले कम्पनीको सोही समूहको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ । प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएका व्यक्ति कम्पनीको शेयरधनी हुनुपर्नेछ ।
५. नाबालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरूको तर्फबाट संस्थाको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा दर्ता भएको महानुभावहरूले सभामा भाग लिन पाउनुहुनेछ ।
६. संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनुहुनेछ ।
७. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैले भाग लिन वा प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तिमा ३६ घण्टा अगावै सोको सूचना कम्पनीको कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ, अन्यथा प्रतिनिधि फेरबदल हुन सक्ने छैन । तर सभामा सम्बन्धित शेयरधनी स्वय उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतः बदर हुनेछ ।
८. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ तर प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफुले पहिले दिएको प्रतिनिधि बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी निवेदनसहित कम्पनीमा जानकारी गराएमा अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधिले सभामा भाग लिन पाउने छ । यस्तो अवस्थामा अघि दिएको प्रतिनिधि स्वतः बदर गरेको मानिनेछ ।
९. छलफलको विषय मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषयमा साधारण सभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै सो विषय सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुहुन अनुरोध छ ।
१०. थप जानकारीको लागि कम्पनीको वेवसाइटः www.chirkhwahydropower.com बाट साथै इमेलः chirkhwa@gmail.com, फोन नं. ०१-४५२४३८१, मा सम्पर्क राख्नसमेत अनुरोध गरिन्छ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

Chirkhwa Hydropower Ltd.
2019
Nepal